# गाडी व्यवसायी दोस्रो चरणको आन्दोलनमा उत्रिँदै

नेपाल समाचारपत्र, काठमाडौं



नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल दोस्रो चरणको आन्दोलनमा उत्रिने भएको छ। नाडा केन्द्रीय कार्यसमितिको बैठकमा आगामी कार्यदिशा, समग्र देशको अर्थतन्त्र तथा अटोमोबाइल व्यवसायको वर्तमान परिस्थिति र भविष्यलगायतका विषयमा केन्द्रित रहेर भएको बैठकले सो निर्णय गरेको हो।

बैठकमा नाडाका उपाध्यक्ष तथा आन्दोलन समितिका सभापति सुनिल रिजालले व्यवसायीले गर्ने भनिएको दोस्रो चरणको आन्दोलनको हर्चिबारे जानकारी दिनुभएको थियो। चितवनमा भएको बैठकमा नाडाका सातै प्रदेश एसोसिएसनबीच अन्तर्क्रियासमेत भएको थियो। भेलामा बैंकको उच्च ब्याजदरलगायत चालू पुँजी कर्जा लागू गरेको, जोखिम भार र एलसी मार्जिनलगायतका विषयहमा समेत छलफल भएको नाडाले जनाएको छ।

सरकारले आठ महिनादेखि पेट्रोलियम पदार्थबाट चल्ने कार, जिप तथा भ्यानजस्ता निजी प्रयोजनका सवारी साधन र १५० सिसिभन्दा माथिका मोटरसाइकलको आयातमा लगाएको प्रतिबन्ध खुलाए पनि माथि अटोमोबाइल व्यवसायमा सहजता आउन नसकेको तथा अटोमोबाइल्स व्यवसायी धमाधम पलायन हुने अवस्था आएकाले व्यवसायीहरूले दोस्रो चरणको आन्दोलनमा जाने निर्णय गरेको हो।

उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. विश्वनाथ पौडेलले देशको अर्थतन्त्र र नेपालको समग्र अटोमोबाइल क्षेत्रका सम्बन्धमा विशेष प्रस्तुति दिनुभएको थियो। बैठकले नाडाको ४६औं वार्षिक साधारणसभा माघ २७ गते काठमाडौंमा गर्ने निर्णयसमेत गरेको छ।

# अवैध मोबाइल शुक्रबारदेखि नचल्ने

काठमाडौं, (नेस)

अवैध रूपमा भित्रिएका मोबाइल १५ पुसदेखि नचल्ने भएका छन्। मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) पुस १५ गतेदेखि पूर्णरूपमा कार्यान्वयनमा ल्याउने नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ।

आगामी शुक्रबारदेखि एमडीएमएस पूर्णरूपमा कार्यान्वयनमा आएपछि अवैधरूपमा भित्रिएका मोबाइल नचल्ने प्राधिकरणले जनाएको छ। मोबाइल सेटको गैरकानुनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित गर्न र चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ र ब्लकिङ गर्न प्राधिकरणले प्रभावकारी भूमिका खेल्ने छ।

एमडीएमएस दर्ता नगरेको सेटहरू गत असोज १ गतेदेखि कार्यान्वयनमा ल्याइएको थियो। विदेशबाट आउने नेपालीहरूले आफूले प्रयोग गर्न भनेर ल्याएका मोबाइल सेटहरू एमडीएमएसमा दर्ता नभएका, गत भदौभन्दा अघि प्रयोगमा नरहेका मोबाइल सेटहरू प्राधिकरणले १५ डिजिटको आईएमईआई नम्बरसहित भन्सार कागजातसहित दर्तामा आउन प्राधिकरणले आह्वान गरेको छ।

पुस १५ गतेदेखि नियमानुसार भन्सारमा घोषणा नभएका मोबाइल सेट दर्ता नगरिने र त्यस्ता मोबाइल सेट चलनबाट रोकिनेतर्फ पनि सचेत गराएको छ। साथै, बजारबाट खरिद गर्दा कुनै पनि मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको एमडीएमएस प्रणालीमा दर्ता भए वा नभएको यकिन गरेर मात्र खरिद गर्न प्राधिकरणले अनुरोध गरेको छ। प्राधिकरणले मोबाइल आयातकर्ता र बिक्रेताले अनिवार्य रूपमा प्राधिकरणको पूर्वस्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइल मात्र बिक्री वितरण गर्न जनाएको छ।

**सम्यक बचत तथा ऋण सहकारी संस्था लि.**
**विरा कम्प्लेक्स, प्यूखा, न्युरोड, काठमाण्डौ**
**गैर बैकिङ्ग सम्पत्ति बिक्रि गर्न**

## शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**सूचना प्रकाशित मिति २०७९/९/११**

यस सहकारी संस्थाको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैर बैकिङ्ग सम्पति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्धारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफुले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस सहकारीमा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दि बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा आह्वान गरीएको छ।

**तपसिल**
**गैर बैकिङ्ग सम्पत्ति बिवरण**

१. यस सम्यक बचत तथा ऋण सहकारी संस्था लि.
विरा कम्प्लेक्स, प्यूखा, न्युरोड, काठमाण्डौको नाममा मालपोत कार्यालय कलंकी काठमाडौंमा एकलौटी दर्ता श्रेष्ता कायम रहेको साबिक का.जि.मातातीर्थ गा.वि.स. वडा नं.४ख कित्ता न. ४०४ हाल चन्द्रागिरि न.पा.वडा नं.८ को कित्ता नं. ४०४ को क्षेत्रफल ०-१२-०-० को जग्गा तथा अन्य लिगलगापात समेत।

**गैर बैकिङ्ग सम्पत्ति बिक्रिका शर्तहरु**

१. बोलपत्र फारम २०७९/९/११ गते सोमबार देखि यस संस्थाको कार्यालयबाट रु. ५००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। फोटोकपी गरिएको फारम मान्य हुने छैन।
२. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ आफूले कबुल गरेको रकमको ५ प्रतिशत नगद धरौटी यस संस्थाको नाममा प्राईम कर्मसियल बैक लि. न्यूरोडको खाता नं. ००१०१७११ CA मा नगद जम्मा गरी जम्मा गरेको भौचरको अर्ध कट्टी रसिद पेश गर्नुपर्ने छ।
३. लिलाम बिक्री हुने गैर बैंकिङ्ग सम्पत्तिको बारेमा जानकारी लिन चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ र सोही अवस्थामा स्वीकार गर्नु पर्नेछ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था हुनुपर्नेछ। बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) तथा संस्था भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रतिलिपि आवेदन साथ पेश गर्नुपर्ने छ।
५. शिलबन्दी बोलपत्र मिति २०७९/९/१७ गते आईतबारको दिन कार्यालय समय भित्र यस संस्थामा दर्ता भईसक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन।
६. शिलबन्दि बोलपत्र मिति २०७९/९/१८ गते सोमबारको बिहान ११ बजे बोलपत्रदाता वा निजको प्रतिनिधि तथा निमन्त्रित सम्बन्धित कार्यालयका प्रतिनिधि एवं यस संस्थाका संचालक तथा प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन। साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै खुलेको दिनमा बोलपत्र खोलिनेछ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७(सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरि गैर बैंकिङ्ग सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ। सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले व्यहोर्नु पर्नेछ।
८. सो तोकिएको म्याद भित्र बाँकी रकम नबुझाएमा निजको बोलकबोल रद्द गरी निजले राखेको नगद धरौटी रकम जफत हुनेछ।
९. बोलपत्र स्विकृत वा अस्विकृत गर्ने अधिकार संस्थामा निहित रहनेछ। बोलपत्रका अन्य शर्तहरु लागु हुनेछन्।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा संस्थामा आई बुझ्न सकिनेछ।

**सम्यक बचत तथा ऋण सहकारी संस्था लि.**
**विरा कम्प्लेक्स, प्यूखा, न्युरोड, काठमाण्डौ**
**फोन नं. ०१५७१३०३१**

# ३३ करोडको सुन्तला उत्पादन

नेपाल समाचारपत्र, जाजरकोट

जिल्लामा यस वर्ष ३३ करोडभन्दा बढीको सुन्तला उत्पादन भएको छ। गत वर्षको तुलनामा १६ प्रतिशत उत्पादन वृद्धि भएको जाजरकोट जिल्लामा यस वर्ष ३३ करोडभन्दा बढीको सुन्तला उत्पादन भएको हो।

परम्परागत खेती प्रणालीलाई किसानहरूले वर्षेनी परिवर्तन गर्न थालेका छन्। धान, मकै, गहुँ खेतीजस्ता अन्न बाली उत्पादन गर्दै आएको जमिनमा किसानहरूले वर्षेनी व्यावसायिक सुन्तला खेतीको क्षेत्र विस्तार गर्न थालेका छन्। सुन्तला उत्पादनको लागि यस वर्ष राम्रो सिजन भएको बताउँदै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई जाजरकोटका निमित्त प्रमुख दिपेन्द्र पोखरेलले प्रत्येक वर्ष सुन्तला खेतीको क्षेत्र विस्तारले पनि यस वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको बताए।

जाजरकोट जिल्लाको कुशे गाउँपालिकाका वडा नं. १ देखि ९ सम्म, भेरी नगरपालिका-१, २, ३, ४, ५, ६, ७ र १० नम्बर वडा, नलगाड नगरपालिकाको वडा नं. १ देखि ७ सम्म र छेडागाड नगरपालिकाको १०, ११ र १२ नम्बर वडाका १७५ निजी फर्म, समूह, सहकारीले ६०५ हेक्टर जमिनमा व्यवसायिक सुन्तला खेती गरिरहेको निमित्त प्रमुख पोखरेलले जानकारी दिएका छन्। १७५ फर्म, समूह, सहकारीका २ हजार २०१ जना किसानहरूले व्यवसायिक सुन्तला खेती गरिरहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कार्यान्वयन इकाई जाजरकोटले जनाएको छ।

गत वर्षको तुलनामा १६ प्रतिशत उत्पादन वृद्धि भएको सुन्तला यस वर्ष ६ हजार ७५० मेट्रिकटन उत्पादन भएको कृषि विकास कार्यालय, जाजरकोटका सूचना अधिकारी टोपेन्द्र नेपालीले जानकारी दिएका छन्। किसानले बारीबाटै प्रतिकिलो ५० रुपियाँमा बिक्री वितरण गर्ने गरेको जानकारी दिँदै सूचना अधिकारी नेपालीले ६ हजार ७५० मेट्रिकटन सुन्तलाको मूल्य ३३ करोड ७५ लाख हुन आउने बताए। नेपालीले दिएको जानकारीअनुसार यस वर्ष जाजरकोट जिल्लामा ७५० हेक्टर जमिनमा किसानहरूले व्यावसायिक सुन्तला खेती गरिरहेका छन्। गत वर्ष पनि ७५० हेक्टर जमिनमा ५ हजार ८०० मेट्रिकटन सुन्तला उत्पादन गरेका किसानहरूले यस वर्ष ६ हजार ७५० मेट्रिकटन सुन्तला उत्पादन गरेका छन्। सूचना अधिकारी नेपालीले भने- 'यस वर्ष सन्तला खेतीका लागि उपयुक्त मौसम भएको हुँदा उत्पादनमा वृद्धि भएको हो।'

जाजरकोट जिल्लामा उत्पादन भएको सुन्तला सुर्खेत, जाजरकोटकै खलंगा, छेडागाड, नलगाडलगायतका साना तथा मझौला बजारहरूमा बिक्री वितरण भइरहेको कृषि विकास कार्यालयले जनाएको छ। कृषि विकास कार्यालयले दिएको जानकारीअनुसार यस वर्ष हालसम्म १९ करोडको सुन्तला बिक्री वितरण भइसकेको छ भने, १४ करोडभन्दा बढी मूल्यको सुन्तला बिक्री वितरण गर्न बाँकी रहेको छ।

कुशे गाउँपालिका-५ दन्दालाका शक्ति बहादर वली, वीरबहादर मल्ल, कर्णबहादुर थापा, पदी थापा मल्ललगायतका ९० भन्दा बढी किसानहरूले वर्षेनी सुन्तला खेतीबाट ५ लाखभन्दा बढीको आम्दानी गरिरहेका छन्। सुन्तला खेतीबाट भएको आम्दानीलाई किसानहरूले छोरा-छोरीको शिक्षा, दीक्षा र स्वास्थ्य उपचारमा लगानी गर्दै आएका छन्। बारीमा उत्पादन भएको सुन्तलालाई बजारसम्मको सहज पहुँच विस्तार गर्न गुणस्तरीय सडक, यातायात सञ्चालनको माग राख्दै आएका किसानहरूले बगैँचा व्यवस्थापन सम्बन्धि ज्ञान तालिम, सिंचाई सुविधालगायतका अन्य औषधि, उपकरणको पनि माग राख्ने गरेका छन्।

गरिबी, बेरोजगारीको बिरासत बोकेको जाजरकोट जिल्लाको समृद्धिको एक आधार व्यावसायिक सुन्तला खेती भएको उद्योग वाणिज्य संघ, जाजरकोटका अध्यक्ष रमेश केसीको भनाइ रहेको छ। व्यावसायिक सुन्तला खेतीलाई प्रवर्द्धन नगरी जिल्लाको आर्थिक समृद्धिको परिकल्पना गर्न नसकिने बताउँदै अध्यक्ष केसीले व्यावसायिक सुन्तला खेतीमा लागेका किसानहरूलाई सरकारले प्रोत्साहन अनुदान, सहुलियत ब्याजदरको ऋण प्रवाह गर्नुपर्ने बताए।

सुन्तला खेती गरीरहेका साना तथा मझौला किसानहरूको स्तरबृद्धि गर्न नेपाल सरकारले जाजरकोट जिल्लामा आव २०७५/०७६ बाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तला जोन सञ्चालनमा ल्याएको छ। उक्त परियोजनाले हालसम्म जाजरकोट जिल्लामा सुन्तला जोनतर्फ ३ करोड ८३ लाख खर्च गरेको परियोजना कार्यान्वयन इकाई जाजरकोटले जनाएको छ।

# राष्ट्रिय औद्योगिक व्यापार महोत्सव हुँदै

हेटौंडा, (नेस)

रोजगारी, कृषि, सूचनाप्रविधि, पर्यटन, व्यापार तथा जिल्लाको आर्थिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले मकवानपुर उद्योग वाणिज्य संघले औद्योगिक व्यापार महोत्सव आयोजना गर्ने भएको छ। कार्यतालिकाबमोजिम १०औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव आयोजना गरिने भएको हो। महोत्सव माघ ११ गतेबाट २३ गतेसम्म हुने संघका अध्यक्ष कृष्णकुमार गुप्ताले बताउनुभयो।

# राष्ट्रिय वाणिज्य बैंकको एकैपटक पाँच शाखा खुल्यो

काठमाडौं, (नेस)

राष्ट्रिय वाणिज्य बैंकले एकैपटक पाँच वटा शाखा स्थापना गरेको छ। बैंकले ताप्लेजुङ, तेह्रथुम, धुलाबारी, मलंगवा र रसुवामा शाखा स्थापना गरेको छ। यससँगै बैंकको देशभर २६४ वटा शाखा कार्यालय सञ्चालनमा आएको छ। बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकामसहित २६४ वटा शाखा कार्यालय, ४६ वटा एक्सटेन्सन काउन्टर, २६८ वटा एटीएम र १०२ वटा शाखारहित बैंकिङ रहेको छ।

## Invitation for Bids

Government of Nepal (GoN)
Department of Irrigation

## Sunsari Morang Irrigation Project

**Biratnagar**

Date of publication: 11th Poush 2079 (26th December 2022)

1. The Government of Nepal (GoN)has allocated funds towards the cost of ***construction and maintenance of canal and associated structures with command area development and protection*** of ***Sunsari Morang Irrigation Project, Biratnagar*** and intends to apply part of the funds to cover eligible payments under the following contracts. Bidding is open to all eligible as per Section V of bidding document.
2. ***Sunsari Morang Irrigation Project, Biratnagar*** invites electronic bids from eligible bidders for the following contracts under National Competitive Bidding, Single Stage Two Envelope Bidding procedures.

**Only eligible bidders with the following key qualifications should participate in this bidding:**

| S. N. | Contract ID | Name of Work | Average annual construction Turn Over (Million NRs.) | Minimum Work experience of similar size and nature (Million NRs) | Bid Security Amount (NRs) | Bid Validity Period | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|
| 1 | SMIP-05/ NCB/079-80 | Construction of Headworks and Canal Lining with drain protection at 114 RD of CMC, Badahara | 35.0 | 19.0 | 13,00,000.0 | 90 days | 5,000.0 |
| 2 | SMIP-06/ NCB/079-80 | Construction/Rehabilitation of canal and associated structures in Chisang Minor and Kalikoshi Feeder Canal | 32.0 | 17.0 | 12,00,000.0 | 90 days | 5,000.0 |
| 3 | SMIP-07/ NCB/079-80 | Construction of spurs in right (western) bank of Koshi River at Chatara | 140.0 | 112.0 | 53,00,000.0 | 120 days | 10,000.0 |

3. Eligible Bidders may obtain further information at the office of Sunsari Morang Irrigation Project, Biratnagar, and Phone No: 021-471527, 471956, Email ID: smip_biratnagar@yahoo.com or may visit PPMO's website www.bolpatra.gov.np/egp.
4. Bidders are supposed to submit their bid electronically only and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Agriculture Development Bank, Biratnagar
   Name of Office: District Treasury Comptroller's Office, Biratnagar
   Office Code no.: 308031303 Office Account no.: 0100201277009016
   Rajaswa (revenue) Shirshak no.: 14229
5. Pre-bid meeting shall be held at Sunsari Morang Irrigation Project, Biratnagar at 2:00 PM, 13th January 2023.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon, 25th January 2023. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 25th January 2023 at the office of Sunsari Morang Irrigation Project, Biratnagar. Bids must be valid for a period of days as specified above after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of as specified above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Employer reserves the right to amend or correct and accept or reject, wholly or partly, any or all the bids without assigning any reasons, whatsoever.